स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता विपिन कार्कीको मुख्य भूमिका रहने नयाँ चलचित्र "बखते"को शुभमुहूर्त गरिएको छ। ललितपुरस्थित महालक्ष्मी मन्दिर परिसरमा शुक्रबार शुभमुहूर्त पूजा गर्दै चलचित्रको औपचारिक निर्माण घोषणा गरिएको हो। उपेन्द्र सुब्बाको लेखन तथा निर्देशनमा बन्न लागेको चलचित्रमा विपिन कार्की र मिरुना मगर मुख्य भूमिकामा रहनेछन्। विपिन र मिरुनाको जोडीलाई पुनः पर्दामा देख्ने भएपछि चलचित्रप्रति दर्शकको चासो बढेको छ।

**आजको विचार...**



धर्मेन्द्र झा

नेपालको...
(दुई पेजमा)



अभिनेत्री नीति शाह अभिनित चलचित्र "जदौ"को ट्रेलर सार्वजनिक भएको छ। असोज ९ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको चलचित्रको ट्रेलरमा अन्तरजातीय प्रेम, सामाजिक विभेद र पारिवारिक सम्बन्धका विषयलाई प्रस्तुत गरिएको छ। करिब सवा दुई मिनेट लामो ट्रेलरमा प्रेम सम्बन्धका क्रममा आइपर्ने सामाजिक तथा पारिवारिक अवरोधलाई कथाको मुख्य विषय बनाइएको देखिन्छ। नीति शाहले आफूले यसका लागि निकै मेहनत गरेको बताएकी छन्। उनले चलचित्रको परिणाम सुखद हुनेमा आशावादी रहेको प्रतिक्रिया दिएकी छन्।

❒ वर्ष ३२ ❒ अंक ६४ ❒ २०८३ असोज ३ गते शनिबार 19 September 2026, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# ‘संविधान दिवस’ को ११ वर्ष

***संविधान जारी भएको ११ वर्ष पुग्दा यसको कार्यान्वयनका विषयमा विभिन्न बहस जारी छन् । संघीय संरचनाअनुसार तीन तहका सरकार सञ्चालनमा आएका छन् । स्थानीय तह नागरिकको दैनिक जीवनसँग जोडिएका सेवा प्रवाहको महत्वपूर्ण केन्द्र बनेका छन् । तर संघ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँट, स्रोत परिचालन तथा कानुन निर्माणका विषयमा अझै व्यावहारिक चुनौतीहरू देखिन्छन् ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज २/ आज संविधान दिवस । मुलुकले जनप्रतिनिधिबाट लिखित संविधान पाएको ११ वर्ष भएको छ । इतिहासमै पहिलो पटक जनप्रतिनिधिबाट सम्मिलित संविधान निर्माण भएको दिन हो ।

हरेक वर्ष असोज ३ गते नेपालले संविधान दिवस मनाउँछ । यो दिन केवल एउटा राष्ट्रिय पर्व मनाउने अवसर मात्र होइन, नेपाली राजनीतिक इतिहासको एउटा महत्वपूर्ण मोडलाई सम्झने दिन पनि हो । २०७२ साल असोज ३ गते संविधानसभाबाट नेपालको संविधान जारी भएको थियो । लामो राजनीतिक संक्रमण, आन्दोलन र बहसपछि जारी भएको संविधानले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संस्थागत आधार प्रदान गऱ्यो । संविधान दिवस आउँदा सरकारी कार्यालयदेखि विद्यालय, स्थानीय तहदेखि




नागरिक समाजसम्म विभिन्न कार्यक्रम आयोजना हुन्छन् । राष्ट्रिय झण्डा फहराइन्छ, शुभकामना आदान-प्रदान गरिन्छ र संविधानका उपलब्धिबारे चर्चा गरिन्छ । संविधान जारी भएको ११ वर्ष पुग्दा यसको कार्यान्वयनका विषयमा विभिन्न बहस जारी छन् । संघीय संरचनाअनुसार तीन तहका सरकार सञ्चालनमा आएका छन् । स्थानीय तह नागरिकको दैनिक जीवनसँग जोडिएका सेवा प्रवाहको महत्वपूर्ण केन्द्र बनेका छन् । तर संघ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँट, स्रोत परिचालन तथा कानुन निर्माणका विषयमा अझै व्यावहारिक चुनौतीहरू देखिन्छन् । संविधानले प्रत्याभूत गरेका मौलिक अधिकार कार्यान्वयनका लागि आवश्यक कानुन, संस्थागत क्षमता र प्रभावकारी सेवा प्रवाह पनि उत्तिकै महत्वपूर्ण छन्। संविधानमा अधिकार लेखिनु एउटा चरण हो भने ती अधिकार नागरिकले व्यवहारमै अनुभूत गर्न पाउनु अर्को महत्वपूर्ण चरण हो । तत्कालीन राष्ट्रपति डा.रामवरण यादवले संविधानसभाबाट पारित संविधान प्रमाणीकरण गर्दै देशलाई नयाँ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानबद्ध संरचना दिएको घोषणा गरेका थिए । तर, संविधान जारी भएको ११ वर्ष पूरा हुँदा यसले अपेक्षित परिणाम दिन सकेको छैन भन्ने धारणा बलियो बनेको छ । *-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### बम विस्फोटमा ६ सैनिकको मृत्यु

**एजेन्सी**

**इस्लामवाद,** असोज २/उत्तरपश्चिमी पाकिस्तानमा सडक किनारमा राखिएको बम सुरक्षा बलको सवारी माथि विस्फोट हुँदा ६ जना सैनिकको मृत्यु भएको छ । घटनापछि सुरक्षा बलले गरेको छुट्टाछुट्टै कारबाहीमा पाकिस्तानी तालिवानका सदस्य रहेको आशङ्का गरिएका १० जना आतङ्ककारी मारिएको पाकिस्तानी सेना र प्रहरीले शुक्रबार जनाएको छ । खैबर पख्तुनख्वा प्रान्तको हङ्गु जिल्लामा बिहीबार सुरक्षा बलको सवारीलाई लक्षित गरी बम विस्फोट गराइएको स्थानीय अधिकारीहरूले बताएका छन् । विस्फोटमा छ सैनिकको मृत्यु भएको पुष्टि गरिएको छ । सेनाका अनुसार उत्तरी वजीरिस्तान र हङ्गु जिल्लामा बिहीबार गरिएको विभिन्न गुप्तचर सूचनामा आधारित कारबाहीका क्रममा सन्दिग्ध आतङ्ककारी लुकेका स्थानमा छापा मारिएको थियो । ती कारबाहीमा १० जना आतङ्ककारी मारिएको सेनाले विज्ञप्तिमार्फत जनाएको छ । सेनाले मारिएका व्यक्तिलाई ‘ख्वारिज’ भनेको छ ।

## संविधान दिवस भव्यरुपमा मनाऔं

- संविधान देशको मुल कानून हो,
- नेपालको संविधानको मूल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,
- नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
- संविधानप्रदत्त मौलिक हक र अधिकारसँगै कर्तव्य पनि जिम्मेवारीपूर्वक पूरा गरौं,
- संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,
- विधिको शासन, लोकतन्त्र, गणतन्त्र र संघीयताको सुदृढीकरणमा योगदान गरौं ।

**संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# अर्घाखाँचीमा विद्यालयमा एचपिभी खोप कार्यक्रम सुरु

**अर्घाखाँची,** असोज २/ जिल्लाका विद्यालयमा नियमित ह्युमन प्यापिलोमा भाइरस (एचपिभी) विरुद्ध खोप कार्यक्रम सुरु भएको छ । कार्यक्रमअन्तर्गत सन्धिखर्क नगरपालिका-२ स्थित सन्धिखर्क ग्रिन इङ्गलिस बोर्डिङ स्कुलमा नियमित एचपिभी खोप कार्यक्रम शुभारम्भ गरिएको हो ।

जिल्ला खोप समन्वय समिति अर्घाखाँचीको आयोजना तथा सन्धिखर्क नगरपालिकाको समन्वयमा आज आयोजित खोप शुभारम्भ कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले एचपिभी खोप पाठेघरको मुखको क्यान्सरबाट जोगिनका लागि महत्वपूर्ण रहेको बताउँदै लक्षित समूहका बालबालिकालाई खोपको पहुँचमा ल्याउन सबै पक्षको सहयोग र सहकार्य आवश्यक रहेको बताए । जिल्लास्थित स्वास्थ्य कार्यालयका प्रमुख कृष्णप्रसाद पोखेलले एचपिभी खोप सुरक्षित र प्रभावकारी रहेको बताउँदै नियमित खोप कार्यक्रमलाई विद्यालय तहसम्म प्रभावकारी रूपमा पुऱ्याउन स्वास्थ्य कार्यालयले आवश्यक समन्वय गरिरहेको




उल्लेख गरे । सबैको सहकार्य र समन्वयमा खोपसम्बन्धी सही सूचना अभिभावक तथा विद्यार्थीसमक्ष पुऱ्याउनुपर्ने उनको भनाइ छ । ‘खोप निःशुल्क पाइन्छ, खोप सुरक्षित हुन्छ, खोपले जीवन रक्षा गर्छ’ भन्ने सन्देशसहित सञ्चालन हुने कार्यक्रमले विद्यार्थी, अभिभावक तथा समुदायमा एचपिभी खोपसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने अपेक्षा गरिएको सन्धिखर्क नगरपालिका स्वास्थ्य शाखा प्रमुख पूर्ण पराजुलीले बताए। "एचपिभी खोप पाठेघरको मुखको क्यान्सरबाट बचाउने उद्देश्यले प्रदान गरिने महत्वपूर्ण खोप हो । नेपाल सरकारको नियमित खोप कार्यक्रममा पनि एचपिभीलाई समावेश गरिएको छ", उनले भने । जिल्लामा नियमित खोप कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै विद्यालय तहसम्म पहुँच सुनिश्चित गर्ने प्रयास भइरहेको उनले बताए । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## संविधान दिवस : कागजमा होइन, व्यवहारमा उतारौं

**आज संविधान दिवस । मुलुकले जनप्रतिनिधिबाट लिखित संविधान पाएको ११ वर्ष पूरा भएको छ । इतिहासमै पहिलो पटक जनप्रतिनिधिबाट सम्मिलित संविधान निर्माण भएको दिन हो । असोज ३ गतेलाई सरकारले संविधान दिवसको रुपमा समेत घोषणा गरेको छ । यो केवल एउटा राष्ट्रिय उत्सवको दिन मात्र होइन, संविधानले दिएको अधिकार, स्थापित गरेको शासन प्रणाली र नागरिकप्रतिको राज्यको दायित्वलाई पुनः सम्झने अवसर पनि हो ।**

**संविधान दिवसले हामीलाई एउटा महत्वपूर्ण प्रश्नतर्फ डोऱ्याउँछ–संविधानमा लेखिएका अधिकार र व्यवस्था नागरिकको दैनिक जीवनमा कति अनुभूत भएका छन् ? नेपालको संविधानले नागरिकका मौलिक हक, समानता, सामाजिक न्याय, समावेशिता, संघीय लोकतान्त्रिक गणतन्त्र तथा विधिको शासनलाई संस्थागत गरेको छ । यसले राज्यका विभिन्न तहबीच अधिकार बाँडफाँट गर्दै जनतालाई शासन प्रक्रियासँग अझ नजिक ल्याउने परिकल्पना गरेको छ । तर संविधानको वास्तविक सफलता त्यसका अक्षरमा मात्र होइन, त्यसको प्रभावकारी कार्यान्वयनमा निर्भर हुन्छ । संविधानले नागरिकलाई अधिकार दिएको छ भने राज्यलाई जिम्मेवारी पनि दिएको छ । संविधान सबैलाई मान्य हुनुपर्छ । तर यहाँ त्यस्तो हुन सकेको छैन । सत्तामा रहनेले आफु अनुकूल संविधानको प्रयोग गर्ने गरेका छन् । यो विडम्बनाको कुरा हो । संविधान राज्यसत्तामा रहनेका लागि अनुकूल वा प्रतिकूल दस्ताबेज बन्नु भनेको त्यो कागजको खोस्टो सरह नै हो । संविधानको संस्थागत विकास भएन भने त्यसले गरेका व्यवस्थाअनुसार जनतालाई अधिकार प्रदान गर्न सकिएन भने संविधानको सार्थकता रहन्न । संविधान कुनै स्थिर दस्तावेज मात्र होइन, यो नागरिकका आकांक्षा, राज्यको दायित्व र लोकतान्त्रिक अभ्यासबीचको सम्बन्धलाई निर्देशित गर्ने आधार हो । तसर्थ संविधानको कार्यान्वयन गरी जनतालाई अधिकार सम्पन्न गर्न तर्फ ध्यान दिन जरुरी छ ।**

## Opinion @ Social Network

"जीवनमा भेटिने हरेक सम्बन्ध वसन्त जस्तो हुँदैन,
कोही पतझड बनेर आउँछन् अनि धेरै कुरा त्याग्न सिकाएर जान्छन् !!"
*(शिला दर्लामीको फेसबुक स्टाटसबाट www.facebook.com/shila.Darlami)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालको संविधान, प्रेस स्वतन्त्रता, आचारसंहिता र स्व-नियमन



**धर्मेन्द्र झा**

असोज ३ अर्थात भोली शनिवार नेपालको संविधान २०७२ जारी भएको दश वर्ष पुरा भएर ११ औ वर्ष प्रवश गरेको दिन हो । सविधानबारे विभिन्न कोणबाट वहस प्रारम्भ भएका छन् र वहस चल्ने क्रम जारी छ । सविधानमा उल्लेखित जनताका अधिकारको सन्दर्भ वहसको यस्तै एक कोण हो । यस्तै जनअधिकारसँग सम्बन्धित वहसको एक प्रमुख विषय हो प्रेस सवतन्त्रता । नेपालको संविधानमा मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ र अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धी १९६६का आधारमा प्रेससम्बन्धी व्यवस्था गरिएको छ । नेपालको संविधानको प्रस्तावनामा 'पूर्ण प्रेस स्वतन्त्रता' भन्ने स्पष्ट लेखिएबाट नेपालमा यस विषयमा कति महत्व दिइएको रहेछ भन्ने स्पष्ट हुन्छ । नेपालको संविधानमको धारा १७ को उपधारा (२)को खदण्ड (क)मा विचार तथा अभिव्यक्ति स्वतन्त्रता, धारा १९ मा सञ्चारको हक, धारा २७ मा सूचनाको हक र धारा २८ मा गोपनीयताको हकसम्बन्धी व्यवस्था छ । वास्तवमा संविधानका यिनै प्रावधानले प्रेस स्वतन्त्रतालाई सम्बोधन गर्ने प्रयत्न गरेको छ । संविधानले स्पष्ट व्यवस्था गरे पनि आवश्यक कानुन तर्जुमा हुन नसक्दा प्रेसले स्पष्ट दिशा प्राप्त गर्न नसकेको कुरालाई अस्वीकार गर्न सकिँदैन । यसैमध्येको एउटा हो प्रेस काउन्सिलसम्बन्धी व्यवस्था । काउन्सिलको ऐन २०४८ कै हो । यसमा संशोधन गनुपर्ने वा पुनर्लेखन गरिनुपर्ने कुरा निकै अघिदेखि उठेको हो । यो कानुनको तुलनामा संविधान नयाँ छ । यस आधारमा यो कानुनले संविधानको मर्मको पूर्ण पालना गर्न नसकेको मान्न सकिन्छ । काउन्सिलको विधेयक तयार भएको निकै भइसके पनि आमसहमति जुट्न नसक्दा र विगतका सरकारको प्राथमिकतामा पर्न नसक्दा यो कानुन निर्माणको प्रक्रियाले पूर्णता पाउन सकेको छैन । पछिल्लो समयमा सरकराले पुन: प्रेस काउन्सिलसम्बन्धी कानुन निर्माणको प्रक्रियालाई तीव्रता प्रदान गर्न खोजेको देखिएको छ । यसै क्रममा छलफलका केही प्रक्रिया सुरु गरिएका छन् जसलाई सकारात्मक मान्नुपर्छ । यहाँ यस आलेखमा त्यसै विषयसँग सम्बन्धित केही विषयमा सरोकारवालाको ध्यानाकर्षणको प्रयास गरिएको छ । नेपालमा सैद्धान्तिक र कानुनीरुपमा २०२७ सालदेखि पत्रकार आचारसंहिता अस्तित्वमा छ । यसै वर्ष प्रेस काउन्सिल नेपाल विधिवतरुपमा स्थापना भएको थियो र यसै वर्षदेखि नेपाली पत्रकारको आचारसंहिता नियमनको जिम्मेबारी काउन्सिलले निर्वाह गर्दै आएको छ । तर पछिल्लो समयमा विश्वमा आचारसंहिताको अवधारणाबारे विभिन स्तरमा फरक ढंगल वहस प्रारम्भ भएका छन्, नेपाल पनि यस्तो वहसबाट अछुतो रहन सक्दैन । मिडिया र मिडियाकीका लागि आचारसंहिताको कार्यान्वयन् निकै महत्वपूर्ण हुन्छ । आचारसंहिताको कायानृवयन्‌ले जहाँ एकातिर मिडियालाई विश्वसनीय र प्रभावकारी बनाउन सहयोग पुर्याउँछ भने अर्कोतिर देश र समाजप्रति जिम्मेबार र उत्तरदायी बन्न पनि प्रेरित गर्दछ । आचारसंहिताको पालन एउटा सञ्चारगृहका लागि जति महत्वपूर्ण हुन्छ मिडियाकर्मी अर्थात् सञ्चारकर्मीका लागि पनि त्यति नै महत्वपूर्ण हुन्छ । यसले एकजना सञ्चारकर्मी वा पत्रकार कति व्यवशायिक र आफ्नो पेशाप्रति कति जिम्मेबार छ भन्ने कुराको मापन पनि गर्दछ । परिवर्तित अवधारणाअनुसार लोकतन्त्रमा मिडियालाई वलजफ्ती नियन्त्रणको प्रयासको साटो उसलाई स्व-नियमनको बाटोमा डोर्याउन उत्प्रेरणाको बाटो लिनु श्रेयस्कर हुन्छ । मिडियामा स्व-नियमनको विषय अहिले विश्वव्यापी चर्चामा छ । नेपालमा अलि ढिलो गरी वहस प्रारम्भ भएको स्व-नियमनको सन्दर्भले सरोकारवालालाई हालका दिनमा सोच्न उत्प्रेरित गरेको छ । स्व-नियमनलाई 'सेन्सरसिप' अथवा 'सेल्फ सेन्सरसिप'का रुपमा बुझ्नु हुदैन । तर यस सम्बन्धमा बुझाइमा फराकिलोपन विकसित गर्नु आवश्यक छ । नेपालमा यदाकदा स्व-नियमनलाई स्व-नियन्त्रणका रुपमा पनि बुझ्ने गरिएको छ, जो गलत हो । मिडियमा स्व-नियमनको सामान्य अर्थ भनेको मिडिया र मिडियाकर्मीले उत्तरदायी र जिम्मेबार भई आफ्नो काम र भूमिका आफै निर्देशित गर्नु हो । यस प्रक्रियामा राज्यको हस्तक्षेप नहुने वा न्यून हुने अपेक्षा गरिन्छ । यस अवधारणाअन्तर्गत, मिडिया र मिडियाकर्मीको काम, दायित्व, नीति आदी स्वयंले परिभाषित गरी त्यसको परिपालन गर्नुपर्ने मान्यता छ । यस आधारमा हेर्ने हो भने यो विषय मिडिया आचारसंहितासँग सम्बधित छ भनेर बुझ्ने प्रयत्न गरिँदा अस्वाभाविक हुँदैन । लोकतन्त्र स्वयंममा वर्तमानको तुलनामा भविष्यमा सँधै विकसित हुँदै जाने र त्यसका लागि आवश्यक मूल्य-मान्यता स्वीकार गर्दै गतिशील रहने व्यवस्था हो । मिडिया लोकतन्त्रको एक महत्वपूर्ण र अनिवार्य आधारशीला हो । मिडियाले शासन र आम जनतालाई जोडने काम त गर्दछ नै स्वतन्त्र र जिम्मेबार मिडियाको उपस्थितिमा राज्यले जनताको दृष्टिकोण, उसका आवश्यकता र शासन सञ्चालनका सम्बन्धमा उचित सुझाव प्राप्त गर्ने अपेक्षा गरिन्छ । यस्तै आमजनताले मिडियामार्फत् राज्यका गतिविधिलगायत आवश्यकताका जानकारी प्राप्त गरी अर्थात् सुसूचित भई आफू सुदृढ हुने अवस्थाको निर्माणको अपेक्षा गरिन्छ । यो विषय मिडिया अर्थात् प्रेसको आलोचना गर्न पाउने कुरासँग सम्बन्धित छ । यो विषय राज्यलाई जिम्मेबार, उत्तरदायी र पारदर्शी बनाउने कुरासँग पनि जोडिएको छ । आफ्नो यो भूमिका प्रेसले निर्वाधरुपमा सञ्चालन गर्न सक्ने वातावरणको निर्माण गरिनुपर्दछ । राज्य यस कार्यमा सहयोगी हुनु अपरिहार्य छ । राज्यले मिडियाको यो स्वतन्त्र भूमिका निर्वाहमा कुनै पनि प्रकारको अवरोध सिर्जना गर्दछ भने त्यसले लोकतान्त्रिक मूल्य-मान्यताको अनुशरण गरेको ठहरिने छैन । राज्यको यस्तै सहजकरणीय भूमिकाका आधारमा पछिल्लो दिनमा उदार लोकतन्त्रको कुरा गर्न थालिएको हो । यसको अर्थ मिडियालाइ आलोचना गर्न पाउने अधिकारका आडमा जे पनि गर्न पाउने (अधिकारको दुरुपयोग) छुट छ भन्ने बुझिनु हुँदैन । छुट हुनु पनि हुँदैन । यस्तोमा प्रश्न उठ्न सक्छ, प्रेसको भूमिकाको अनुगमन र मूल्यांकन कसले गर्ने ? राज्य स्वयंले प्रेस नियमनको कार्य गरेको अवस्थामा जनताको विचार तथा अभिव्यक्ति एवं सुसूचित हुने स्वतन्त्रताको उल्लघंन हुने सम्भावना हुन सक्छ । विश्वमा यस्ता थुप्रै उदाहरण पाउन सकिन्छन् । विगत कोट्याउने प्रयत्न गर्ने हो भने नेपालमै पनि यस्ता अनेकौं उदाहरण छन् । विश्वभरि उदार लोकतन्त्रको पक्षमा वहस चलिरहेको वर्तमान सन्दर्भमा प्रेस नियमनमा राज्यको भूमिकालाई उचित मान्न सकिँदैन । प्रेस नियमनमा राज्यको हस्तक्षेपकारी भूमिकाको अवस्थामा जहाँ एकातिर समग्र लोकतन्त्र नै कमजोर हुन्छ भने अर्कोतिर व्यक्तिका मौलिक अधिकारहरु पनि कुण्ठित हुने सम्भावना रहन्छ । यसै परिप्रेक्ष्यमा अस्तित्वमा आएको हो मिडियमा स्व-नियमनको अवधारणा । प्रेसको स्व-नियमनको कुरा गर्दा यो सञ्चारसम्वद्ध संस्था र आम पत्रकारसँग सम्बन्धित छ । यस पृष्ठभूमीमा प्रेसले आफ्नो दायित्व र सम्पादकीय नीति स्वयंले तय गरी कार्यान्वयन गर्नुपर्ने अपेक्षा गरिन्छ । सारमा सञ्चारसम्बद्ध संस्थाले आफ्नो सम्पादकीय नीति तय गरी सार्वजनिक गर्नुपर्छ । यस्तै सञ्चारकर्मी र पत्रकार स्वयंले पनि आफ्नो सीमा निर्धारण गर्नु जरुरी हुन्छ । मसिनो गरी विश्लेषण गर्ने प्रयास गरिएका खण्डमा यो विषय नैतिकता र आचारसंहितासँग सम्बन्धित रहेको पाउन सकिन्छ । स्व-नियमनको अर्थ सम्वद्ध संस्थाले आफ्नो सम्पादकीय नीति निर्माण गर्नुसँग मात्र जोडिएको छैन बरु त्यसको सार्वजनिकीकरणसँग पनि सम्बन्धित छ । सार्वजनिक गरिएको त्यस्तो नीति आफ्ना उपभोक्तसँग पुर्याउनुपर्ने दायित्व पनि सम्बद्ध सञ्चार संस्थाको हो । यस आधारमा उपभोक्ताले सम्बद्ध मिडियाले आफ्नो सम्पादकीय नीतिको अनुशरण गरेको वा नगरेको मूल्यांकन गरी अनुशरण नगरिएको अवस्थामा उजुरी-गुनासो गर्न पाउनुपर्ने र त्यसको उचित सम्बोधन हुनुपर्ने मान्यता पनि स्व-नियमनको हो । यसका लागि उजुरी सुन्ने र कार्यवाही गर्ने स्वतन्त्र निकायको उपस्थितिको अपेक्षा पनि यो अवधारणाले गर्दछ । यस आधारमा भन्ने हो भने स्व-नियमनको उद्देश्य प्रेस स्वतन्त्रताको रक्षा गर्नु, जिम्मेबार र उत्तरदायी प्रेसको निर्माण गर्नु र उपभोक्ताको हीत रक्षा गर्नु हो भन्न सकिन्छ । सबभन्दा महत्वपूर्ण कुरा यो अवधारणाले सूचनाको विश्वसनीयता अभिवृद्धि गरी प्रेसको भूमिकालाई सशक्त बनाउन सहयोग गर्ने विश्वास गरिन्छ । नेपाली प्रेस र प्रेसकर्मीको अवस्था तथा मनोदशाको विश्लेषण गर्ने हो भने हामी यो अवधारणाबाट अलग छौं भनेर भन्न सकिँदैन । फरक के मात्र हो भने हामी यसको सैद्धान्तिक वहसमा अलि ढिलो गरी मात्र सहभागी भएका हौ । माथि उल्लेख गरिसकियो, सारमा यो अवधारणा सम्पादकीय नीति र आचारसंहिता निर्माण, त्यसको कार्यान्वयन र उजुरी सुन्ने निकायको उपस्थितिमा गुनासो सम्बोधनसँग सम्बन्धित छ । नेपालमा पनि पत्रकारका लागि आचारसंहिता निर्माण भएको लामो समय वितिसकेको छ । यस्तै गुनासो सम्बोधनको प्रयोजनार्थ प्रेस काउन्सिलको स्थापना भएको पनि निकै भइसकेको छ । केही सञ्चारमाध्यमले शैली पुस्तिकामार्फत् आंशिकरुपमै भए पनि सम्पादकीय नीतिको तर्जुमा गरेका छन् । यति हुँदाहुँदै पनि सैद्धान्तिकरुपमा नेपालमा स्व-नियमनको मान्यतालाई पूर्ण आकार प्रदान गर्न सकिएको छैन । यतिमात्र होइन नेपालमा यसबारे सार्थकरुपमा वहस पनि प्रारम्भ हुन सकेको छैन । शैली पुस्तिकालाई अपवाद मान्ने हो भने नेपाली सञ्चारसम्वद्ध संस्थाले आफ्नो सम्पादकीय नीति स्पष्ट ढंगले निर्माण गरेका छैनन्, सार्वजनिक गर्ने कुरा त परकै भयो । शैली पुस्तिकालाई सम्पादकीय नीतिको पुर्ण दस्तावेज मान्न सकिँदैन । यस्तै नेपाली पत्रकारितालाई व्यवस्थित र मर्यादित बनाउने सन्दर्भमा अपवादबाहेकका सञ्चार संस्थाले आचारसंहिता पनि निर्माण गरेको पाइँदैन । नेपालमा प्रेस काउन्सिल गठन र सञ्चालनमा प्रत्यक्षरुपमा सरकारको उपस्थिति छ । यस आधारमा प्रेस काउन्सिललाई राज्यको अंगका रुपमा बुझियो भने त्यसलाई अन्यथा मान्न मिल्दैन । यस्तोमा नेपालको पत्रकार आचारसंहिताको निर्माण र कार्यान्वयन्मा राज्यको हस्तक्षेपकारी भूमिका कायम भएको मान्न सकिन्छ । यस्तो संयन्त्रको उपस्थितिमा स्व-नियमनको अवधारणाको पालना हुन कठीन हुन्छ । यसको साटो सञ्चारमाध्यम, पत्रकार, उपभोक्ता, विज्ञापन एजेन्सी, विज्ञापनदाता, नागरिक समाज, प्रवुद्ध वर्गको सहभागितामा राज्यको हस्तक्षेप नहुने गरी स्वतन्त्र प्रेस काउन्सिलको गठन आवश्यक छ । अमेरिका र युरोपलगायतका पश्चिमा देशमा सञ्चार संस्थामा 'एम्बुड्सपर्सन' को अवधारणा कार्यान्वयनमा ल्याइएको पाइन्छ । यो स्व-नियमनकै एक संयन्त्र हो । एम्बुड्सपर्सनले उपभोक्तका तर्फबाट गुनासो स्वीकार गरी त्यसको छानवीन गर्ने र सम्पादकीय समूहलाई त्यसको जानकारी गराई सम्बोधनको प्रयत्न गर्ने गर्दछ । नेपालमा मिडियाबाहेकका केही क्षेत्रमा एम्बुड्सपर्सनको अवधारणा-कार्यान्वयन्को प्रयोग गरिएको पाइएको छ । यसको सकारात्मक परिणामको मूल्यांकन गरिएको छ । सञ्चार नीति २०७३ ले स्व-नियमनको अवधारणालाई औपचारिकरुपमा स्वीकार गरिसकेको अवस्थामा अब यसबारे वहस कार्यान्वयन्मा जुट्नु जरुरी छ ।

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : उद्देश्यले सफलतापूर्वक अघि बढाउनेछ। मनमा सुख शान्ति छाउनेछ।
**वृष** : आर्थिक दृष्टिले दिन फलदायी रहनेछ। प्रतिष्ठामा चौतर्फी वृद्धि हुनेछ।
**मिथुन** : जिम्मेवारी सजिलै फत्ते हुनेछन्। सिप आर्जन गर्ने सुन्दर अवसर मिल्नेछ।
**कर्कट** : दीर्घकालीन रूपमा आर्थिक लाभ मिल्नेछ। स्वास्थ्यप्रति सजग रनुहोला।
**सिंह** : स्पष्ट विचारको सर्वत्र प्रशंसा हुनेछ। प्रतिस्पर्धीलाई सजिलै पछि पार्न सकिनेछ।
**कन्या** : काममा राम्रो ध्यान जानेछ। दिनचर्यामा पूर्ण अनुशासन कायम राख्नुहोला।
**तुला**: व्यावसायबाट लाभ मिल्नेछ। काममा विशेष सफलता हात पर्ने योग छ।
**वृश्चिक** : धनधान्यमा वृद्धि हुनेछ। नयाँ कामको लागि समय अत्यन्तै अनुकूल छ।
**धनु** : आर्थिक कारोबार सुल्झिनेछन्। उत्कृष्ट नतिजा हात पर्ने सम्भावना छ।
**मकर** : कठिन कामहरू सहजै बन्नेछन्। धैर्यता नै सफलताको मुख्य साँचो बन्नेछ।
**कुम्भ**:समाजमा सम्मान मिल्नेछ। आफ्नो कुरा निडर रूपमा राख्दा फाइदा हुनेछ।
**मीन** : रोकिएका धन हात पर्ने योग छ। नयाँ सुरुवात सुखद र फलदायी रहनेछ।

# साहित्य दर्पण

हास्यव्यङ्ग्य — जे. बि. शेर्पा

## त्यो चमत्कारिक झोला र नेपालको कायापलट

> *देश देशावरको चक्करमा कति पल्ट त त्यसले सिरानीको काम गरेको थियो भने कहिले पिरा वा चकटी त कहिले अढसोको जिम्मेवारी वहन गरिसकेको थियो । हिसावै गर्ने हो भने चार सयमा किनेको त्यो झोलाबाट कतिहो कति फाइदा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा लिई सकेको थिएँ । कहिले काहीं मन मनै लाग्थ्यो कि यदि यस झोला उत्पादक कम्पनिले यो तरीका थाहा पायो भने पक्कै पनि त्यस झोलाको विज्ञापन अर्कै किसिमले व्यापक रुपमा गर्थ्यो होला जस्तै कि "वहूपयोगी झोला " या 'मल्टी परपोज व्याग' अनि साविक भन्दा दोब्बर भाऊमा बेच्थ्यो होला र मालामाल हुन्थ्योहोला । मेरो त्यों त्यस्तो वहुपयोगी झोलाले नेपालमा हुँदा धेरै साथ दिएको थियो त्यसैले पहिलो पटक त्यसलाई पनि विदेश लाने निर्णय गरियो ।*

पुरै दस वर्ष बिति सकेछ युरोपमा आएर जरा गाडिसकेको पनि । मलाई अझै सम्झना छ त्यों गाढडा हरियो रंगमा टिलिक्क टल्किने 'इमिनेन्ट' लेखिएको हाते झोला र अप्राकृतिक रूपले चाऊरिएको झैं लाग्ने अनुहार लिएर यहाँ आएको । म भने यसबीच मोटोघाटो र रातो पिरो देखिएकोछु, चाउरी पुरिएर गयो तर पनि त्यों झोला र त्यसको लामो लाम्चो, दुवै पट्टी चेन वाला खल्ति भएको र त्यसलाई छिर्के मिर्के परेको छोप्ने भएको त्यसको आकार विर्सेको कदापि छैन । ईन्द्र चोकको मारवाडी साहू काँ किनेको थिएँ , सुरुसुरुमा खासै राम्रो नलाग्ने मामूली झोला थियो त्यों तर पनि समय संगै जीवनको उकाली र ओराली अनि डाँडा र काँडाहरुमा लैजाँदा लैजाँदै मेरो हमसफर बनी सकेको थियो । देश देशावरको चक्करमा कति पल्ट त त्यसले सिरानीको काम गरेको थियो भने कहिले पिरा वा चकटी त कहिले अढसोको जिम्मेवारी वहन गरिसकेको थियो । हिसावै गर्ने हो भने चार सयमा किनेको त्यो झोलाबाट कतिहो कति फाइदा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा लिई सकेको थिएँ । कहिले काहीं मन मनै लाग्थ्यो कि यदि यस झोला उत्पादक कम्पनिले यो तरीका थाहा पायो भने पक्कै पनि त्यस झोलाको विज्ञापन अर्कै किसिमले व्यापक रुपमा गर्थ्यो होला जस्तै कि "वहूपयोगी झोला " या 'मल्टी परपोज व्याग' अनि साविक भन्दा दोब्बर भाऊमा बेच्थ्यो होला र मालामाल हुन्थ्योहोला । मेरो त्यों त्यस्तो वहुपयोगी झोलाले नेपालमा हुँदा धेरै साथ दिएको थियो त्यसैले पहिलो पटक त्यसलाई पनि विदेश लाने निर्णय गरियो , जस अनुसार त्यों हंगकंग र शेनजेन सम्म पुगेर चिनिया भूमि स्पर्श गरेको थियो । यदि ताइवान जाने काम कुरो मिलेको भए त्यों त्यहाँ पनि अवश्य पुग्ने थियो । झोला लाई पासपोर्ट र भिसा नचाहिने भएपनि त्यों म संगसंगै फर्कनु परयो । त्यसको जीवनको दोस्रो विदेश यात्रा भने मित्र रास्ट्र भारतको परेको थियो , रक्सौल हुँदै ठगिँदै ठगिँदै लामो र कष्ट पूर्ण दिल्ली बस यात्रामा कैयौ पटक कोच्चिनु परेको र भारतीय पुलिसको संकालु हेराइ सहँदै खोतलिएर अपमानित हुनु परेको थियो विचराले। निकै राम्रो लागेछ क्यारे कुन्नि ,एक पटक त झन्नै अपहरणमा परेको भाई साबको हात बाट । थाईल्यांडको हारा जींसको पनि नक्कल गरि सिलाइएका जींस मै मक्ख पर्ने भारतीय समाज थियो त्यों बेलाको , त्यसैले होला काठमांडूबाट छानेर ल्याएको त्यों झोलामा आँखा नलगाउने , नलोभिने त कमै थिए र भाई साबहरु त्यों झोला, मैले लगाएको ज्याकेट अनि जुत्ता समेत किन्छु भन्दै पछीपरेर हत्ते गर्थे । झोलाहरू हज्जारौ थरिपरिका होलान, मैले पनि जिवनमा १५, २० थरिका झोलाहरू किनी सकेको छु तर सदा सदैवको लागि अब त्यही झोला मात्र प्यारो र पूजनीय लागिरहेछ । जीवनका उकाली ओरालीका मनग्य सम्झनाहरु त्यस झोला सित गाँसिएका छन , अल्झीएका छन । अझ मेरो मात्र नभएर हितैषी , आफन्त, इष्ट मित्रहरु समेतको सम्झनामा बसेको छ त्यों हरियो झोला । तेस्रो पटकको विदेश शयरमा त्यों झोला बेल्जियमसम्म आईपुगेको थियो र केही महिना पछि कोशेली समेत बोकर त्यों फिर्ता भयो , लाग्थ्यो त्यों फेरी अरु कसैको प्रतीक्षामा छ , कसैलाई विदेश पुर्याउन पर्खि रहेछ , न भन्दै अमेरिका जाने एक आफंतले त्यहि झोला लिएर गयो तर फिर्ता पठाउने शर्तमा र शर्त अनुसार लगतै फिर्ता पनि भयो । करीब पाँच छ पटकको विदेशको चक्कर लगाईं सके पछि त्यों झोला ले आृनो विशेष पहिचान बनाई सकेको थियो, कतिसम्म भने त्यों झोला लिएर जो विदेश जान्छ त्यसको विदेश यात्रा फलिफाप पूर्ण हुन्छ भन्ने सोच समेत बनी सकेको थियो र झोला माँग्न आउनेहरु थपिँदै गए , लिएर जानेहरू पनि विदेशमा जरा गाडेर बस्न थालिसकेका थिए । अब हामी सवैको सोचाइमा त्यों मामूली झोला नभई एक लक्षिणको , विशेष शक्ति युक्त झोला बनिसकेको थियो , यसो गन्दा बेल्जियम मात्र चार पटक ओहोरदोहोर गरिसकेछ अनी अमेरिका र यु।के। तिन तिन पटक र अरु एक एक पटक पुगेको देश त कति हो कति । त्यसको पनि पासपोर्ट हुने भैदिएको भए कम्तिमा तिन वटा पासपोर्ट बिभिन्न देशका भिसाहरु ले भरिसकेको हुनेथियो, तैपनि बेलाबेलामा बिभिन्न विमानसेवाहरुका रंगीचंगी बिल्लाहरू भने झुन्ड्याएर फर्किन्थ्यो । धेरैको फलिफाप गरेर त्यों अधवैसे झोला अब दराज भित्र थन्किएको छ र अलिक पुरानै भएपनि इज्जतका साथ बसेको छ । यसो विचार पुरयाउने हो भने त्यति धेरै नेपालीहरुलाई विदेश पुरयाएइ, भाग्य चम्काई दिइ नेपाललाई करोडौंको रेमिट्यान्स भित्र्याइ आर्थिक विकाशमा टेवा पुरयाउने त्यों झोलालाई त्यतिकै दराजमा थान्क्याएर राख्नु उचित हुदैन, हुनत म चाहन्छु यो झोला म संगै रहिरहोस तर एक सच्चा नागरिकको हैशियतले त्यस्तो स्वार्थी सोचाई पाल्नु देश विरुद्द घात गर्नु जस्तै ठानें , त्यसैले धेरै सोच समझ पछि के निक्यौंल निकालें भने देश विकासको खातिर एक विशेष कार्यक्रम राखेर त्यों झोला नेपाल सरकारलाई हस्तांतरण गरिदिने तर त्यसको निमित्त देश र जनताको लागी प्रतिवद्द सरकारले मेरो केही शर्तहरु मान्नु पर्नेछ र ती यस्ता हुनेछन : १.अब उप्रान्त कसैले पनि त्यस झोलाको निजी प्रयोग गर्न पाउने छैन ! २.सकेसम्म त्यस झोलालाई २४ घंटे सुरक्षाका साथ परराष्ट्र मन्त्रालयको राहदानी विभागमा वा त्रिभुवन अन्तर्राष्ट्रीय विमानस्थलको प्रस्थान कक्षमा राख्न पर्नेछ ! ३.कोटी कोटी देउ देउता भएको नेपालमा अर्को 'झोले देउता' भनेर सरकारी तवरमै घोषणा गर्ने ! ४. विदेश जाने हरेक नेपाली हरुलाई त्यों झोले देउता छुन दिने , पूजा गर्न दिने र उनिहरुको झोला त्यो झोले देउता संग छुवाउन अनिवार्य गर्नु पर्नेछ ! ५.नेपालका नामूद ज्योतिष, लामा , पंडित वा गुरु , माताहरुबाट त्यों विलक्षण , चमत्कारिक झोलाको कसरी चिरकालीन सदुपयोग गर्न सकिन्छ भन्ने उपाय पत्ता लगाउनु पर्नेछ ! ६.सकेसम्म सवै नेपालीहरुलाई विदेश जान प्रोत्साहित गर्ने र उचित वातावरण मिलाउनु पर्नेछ ! त्यसपछि हामीहरुले विदेशी भूमिमा जसरी जरा गाडेर वस्न सकेका छौं त्यसै गरि पछि आउने नेपालीहरुले पनि विदेशमा जरा गाडन सक्नेछन , देशमा रेमिट्यान्सको भरमार ओइरो लाग्नेछ , जसको प्रत्यक्ष र अप्रत्यक्ष हजारौ लाभ देश र जनताले पाउने छन । बेरोजगारी , भोकमरी , बंद हडताल , नारा जुलुस र अपराधहरु स्वत हराएर जानेछन , गृह मन्त्रालयको बजेट ह्वात्तै कम हुनेछ , देश विकाश गर्छु भनेर युगौं को सपना पाल्ने त्यागी नेताहरुलाई पनि अनेकों संघर्ष र जेलनेल खाने र भूमिगत हुने अवस्था आउने छैन , व्यक्तिगत स्वार्थ कै लागि पार्टीको पुच्छर बन्नेहरु सबै बिलाएर जानेछन ।भीर पाखा र वन बुटयान खनी खोस्री गर्ने क्रम रोकिनेछ र विस्तारै सवै भिरपाखा वन जंगल हराभरा हुनेछ,त्यसको अर्को सकारात्मक प्रभाव सिधै पर्यटन विकाशमा पर्नेछ त्यस्तै खाले अनगिन्ति प्रभावहरुको एकमुष्ठ शक्तिले अहिले सम्म रोकीएर रहेका विकाशका चौतर्फी ढोकाहरु एकाएक खुल्नेछन, भकाभक बाटाघाटा, पुल पुलेसा र अस्पतालहरु बन्नेछन अनि दश पन्ध्र वर्ष भित्रमा नेपाल र नेपालीको कायापलट सोचे भन्दा र भाषण गरे भन्दा सजिलै हुनेछ । देश शांत र हरा भरा , जनता खुशी र राता पीरा । ७. र अन्तमा सरकारले त्यसपछि जलस्रोत, पर्यटन र औधोगिक विकाश र राजनैतिक स्थायित्वले मात्र देश विकाश हुन सक्छ भन्ने पुरानो सुगा रटाई निति त्याग्नु पर्नेछ र 'विदेश जाऔं, आफु बनौ अनी देशलाई बनाऔं' भन्ने नयाँ राष्ट्रीय नाराको सर्वत्र व्यापक प्रचारप्रशार गर्नुपर्नेछ । अन्तमा, पुन: भन्छु "विदेश जाऔं, आफु बनौ अनि देशलाई बनाऔं !" ***-समकालिन साहित्य डटकम***

कथा — रामचन्द्र जोशी

## इति संवत् ... समीक्षा !

भदौको महिना । बाहिर चराचुरुङ्गीहरूको चिरबिर आवाज, हल्का बादल र सिमसिमे वर्षा । देवकोटा माध्यमिक विद्यालयको कक्षा २ 'ए', छैटौं घण्टी शुरु भइसकेको थियो । यो घण्टी व्यावहारिक लेखन र नेपाली व्याकरणका लागि छुट्याइएको थियो । कक्षामा प्रवेश गर्नुभयो- सबैका आदरणीय एवम् निष्ठावान् शिक्षक वेदानन्द गुरु । सेतो फुलेको कपाल, नाकको टुप्पामा अडिएको बाक्लो सिसाको चश्मा, काँधमा झुण्ड्याएको पुरानो झोला, हातमा ल्यापटप र पेनड्राइभ बोकेर कक्षामा प्रवेश गर्ने गुरुको बानी । उहाँ नियम र अनुशासनका अनुयायी हुनुहुन्थ्यो । नेपाली भाषा, व्याकरण र व्यावहारिक लेखनमा उहाँको छुट्टै पकड थियो । नियमभन्दा एक इन्च पनि दायाँबायाँ हुनु उहाँका लागि असह्य हुन्थ्यो । उहाँको मान्यता थियो- भाषा शुद्ध भएन भने मानिसको विचार र व्यावहारिक व्यवहार पनि अनुशासित हुन सक्दैन । कक्षामा छिर्ने बित्तिकै गुरुले प्रोजेक्टर अन गर्नुभयो । सेतो डिजिटल स्क्रीनमा प्रोजेक्टरको निलो उज्यालो छरियो । कक्षा शुरु गर्दै गुरुले भन्नुभयो - "ल विद्यार्थीहरू, सबैजना आआफ्नो स्थानमा बसौँ । आज हामी व्यावहारिक लेखनको अति महत्त्वपूर्ण पाटो सिक्दैछौं ।" स्लाइडमा थियो - भरपाईको परिचय, लेख्ने ढाँचा र नमूना । "हेर विद्यार्थीहरू," गुरुले चश्मालाई अलिकति माथि सार्दै र औंलो ठाडो पार्दै भन्नुभयो, "व्यावहारिक लेखन भनेको परीक्षामा अङ्क ल्याउनका लागि लेखिने शब्दहरूको सँगालो वा औपचारिकता मात्र होइन । यो त हाम्रो संस्कृति, परम्परा, सामाजिक शिष्टाचार र कानूनी प्रक्रियाको ऐना हो । हामीले लेख्ने पत्र वा कानूनी कागजातको अन्त्य कसरी गरिन्छ भन्ने कुराले लेख्ने मानिसको गम्भीरता र संस्कार दर्शाउँछ । त्यसैले, कुनै पनि औपचारिक वा व्यावहारिक लेखनको समापन गर्दा मितिसँगै सम्पूर्ण समाजको मङ्गलकामनाका लागि 'शुभम्' लेख्ने प्राचीन र प्रामाणिक परम्परा छ ।" प्रोजेक्टरको स्क्रीनमा एकपछि अर्को गर्दै आकर्षक स्लाइडहरू प्रस्तुत हुन थाले । स्लाइडमा थिए- निवेदन, सम्झौतापत्र, तमसुक, व्यावसायिक पत्र र भरपाई लेखनका विविध ढाँचाहरू । उहाँले रिमोटको बटन थिच्दै अन्तिम स्लाइड स्क्रीनमा ल्याउनुभयो र भरपाईको नमूना लेख्न लगाउनुभयो । भरपाई दादै सैनिक आवासीय महाविद्यालय सल्लाघारी, भक्तपुरद्वारा 'शिक्षणसिकाइमा नवीनतम प्रविधिको उपयोग' शीर्षकमा सञ्चालित तीन दिने तालिमको प्रशिक्षकका रूपमा काम गरी त्यसबापत दैनिक रु. २५००।-का दरले हुन आउने जम्मा रकम रु. ७५००।- (अक्षरेपि: सात हजार पाँच सय मात्र) बुझिलिई त्यसको भरपाई गरिदिएको छु । इति सम्वत् २०८२ भाद्र २० गते रोज ६ शुभम् । हस्ताक्षर......... प्रमोद प्रधान, "रोज ६" अर्थात् शुक्रबार । गुरुले स्लाइडमा प्रस्तुत मिति, रोज र मङ्गल शब्दको महत्त्व सम्झाउँदै सबैलाई आआफ्नो अभ्यासपुस्तिकामा उतार्न निर्देशन दिनुभयो । कक्षाका सबै विद्यार्थीहरू हतार-हतार गुरुले प्रोजेक्टरमा देखाउनुभएको नमूना आफ्ना कापीमा कलम दौडाउँदै उतार्न थाले । कोठाभित्र कलम र कापीको सरसराहट तथा प्रोजेक्टरको पङ्खाको हल्का आवाजबाहेक अन्य केही थिएन । तर, चौथो बेन्चको झ्यालनिर बसेकी समीक्षाको हात भने एकाएक रोकियो । उनले हातमा समातेको निलो डटपेन कापीको पानामा टक्क अडियो । उनले प्रोजेक्टरको स्क्रीनमा चम्किरहेको अन्तिम शब्द पढिन्- 'शुभम्'। त्यो शब्द देख्ने बित्तिकै उनको मनमा विगतका कैयौं घटनाहरू एकाएक घुम्न थाले । समीक्षा विद्यालयकी मेधावी, सिर्जनशील र मिहिनेती छात्रा थिइन् । तर उनलाई सधैँ एउटा कुराले भित्रभित्रै पोलिरहन्थ्यो । विद्यालयमा उनको क्षमताको सम्मान त हुन्थ्यो, तर उनको नामभन्दा सधैँ अगाडि आउने एउटा नाम थियो- शुभम् । खेलकुद प्रतियोगितामा प्रथम पुरस्कार जित्ने पनि शुभम्, हाजिरीजवाफमा पहिलो हुने पनि शुभम्, वक्तृत्वकलामा उत्कृष्ट भाषण गर्ने पनि शुभम्, विद्यालयमा हुने कार्यक्रमको तालिका बनाउनेदेखि कार्यक्रम सञ्चालनमा भाग लिने शुभम्, नाटक मञ्चन हुँदा प्रमुख पात्र पनि शुभम् र शिक्षकहरूले कक्षामा कुनै उदाहरण दिँदा सम्झिने नाम पनि शुभम् । यहाँसम्म कि विद्यालयको अतिरिक्त क्रियाकलापको संयोजकसमेत शुभम् नै थियो । समीक्षालाई लाग्थ्यो, "जताततै शुभम् ! के यो विद्यालयमा अरू कोही प्रतिभाशाली विद्यार्थी नै छैनन् ? हरेक सफलताको श्रेय र लेखनमा समेत शुभमकै नाम किन हुनुपर्ने ?" आज व्यावहारिक लेखनको अन्तिम भाग सिकाउँदा, सिद्धान्त र डिजिटल स्लाइडको समापन हुँदै थियो, त्यहाँ पनि स्क्रीनको अन्त्यमा ठूला अक्षरमा 'शुभम्' नै देखेपछि समीक्षाको धैर्यको बाँध टुट्यो । उनलाई लाग्यो कि यो भाषाको नियम मात्र होइन, यो त अरू विद्यार्थीको पहिचानमाथिको निरन्तरको छाया हो । उनले एकपटक अगाडिको बेन्चमा बसेको शुभमलाई हेरिन् । शुभम् निकै सोझो, अनुशासित र एकाग्र भएर कापीमा स्लाइडको नमूना उतार्दै थियो । उसलाई त केही थाहै थिएन कि पछाडि समीक्षाको मनमा कस्तो भुइँचालो गइरहेको छ । समीक्षाले लामो सास फेरिन्, आफ्ना ओठ टोकिन् र दृढ सङ्कल्पका साथ कापीमा अन्तिम शब्द 'शुभम्' को ठाउँमा आफ्नो नाम 'समीक्षा' लेखेर पूर्णविराम लगाइदिइन् । उनको कापीको अन्तिम लाइनमा लेखियो– इति संवत् २०८२ भाद्र २० रोज ६ समीक्षा ! केही बेरमा वेदानन्द गुरु विद्यार्थीहरूले स्लाइडबाट सारेको ढाँचा सही छ कि छैन, कसैले गल्ती त गरेका छैनन् भनेर जाँच्न कक्षाकोठामा घुम्न थाल्नुभयो । उहाँ प्रत्येक विद्यार्थीको बेन्चमा अडिँदै, चश्मा तल-माथि गर्दै कापी हेर्दै र सन्तोषको सासमा टाउको हल्लाउँदै अगाडि बढ्दै हुनुहुन्थ्यो । घुम्दाघुम्दै गुरु समीक्षाको डेस्कनजिकै पुग्नुभयो । गुरुले समीक्षाको कापीमा नजर गाड्नुभयो । उहाँले चश्मालाई अलिकति तल झारेर आँखा ठूला बनाउनुभयो । प्रोजेक्टरको स्क्रीनमा स्पष्टसँग 'शुभम्' चम्किरहेको थियो, तर समीक्षाको कापीमा भने स्लाइडको भन्दा भिन्न थियो । गुरुले अचम्म मान्दै, चश्माको सिसाभित्रबाट हेर्दै र अलिकति गम्भीर स्वरमा सोध्नुभयो, "समीक्षा, व्याकरण र व्यावहारिक लेखनको सर्वमान्य नियमअनुसार यहाँ 'शुभम्' हुनुपर्ने हो । मैले स्लाइडमा पनि स्पष्ट लेखेको छु । तिमीले नियम नै बदलेर यहाँ आफ्नै नाम किन लेखेकी ?" गुरुको प्रश्नवाचक स्वर सुनेर कक्षाका सबै विद्यार्थीहरू फर्किएर समीक्षातिर हेर्न थाले । अगाडि बसेको शुभम् पनि जिज्ञासापूर्वक पछाडि फर्कियो । कक्षामा एकाएक पूर्ण शान्ति छाउन पुग्यो । समीक्षाले आफ्नो कलम टेबलमा राखिन् । उनले आफ्ना आँखा सिधा गुरुको आँखामा मिलाइन् र आफ्नो अनुहारमा अलिकति असन्तोष, अलिकति चञ्चलता र अलिकति ठट्टा मिसाउँदै भनिन्, "गुरु, जहिले पनि शुभम् नै ! खेलकुद प्रतियोगितामा प्रथम पुरस्कार शुभमलाई, वक्तृत्वकलामा पनि शुभम्, अतिरिक्त क्रियाकलापको संयोजक पनि शुभम् । विद्यालयका हरेक क्रियाकलापमा शुभमकै नाम आउँछ । अब त हद नै भयो गुरु ! व्यावहारिक लेखनका हरेक नमूनामा संवत् लेख्दा पनि शुभम् नै ?" समीक्षाको यो निष्कपट, अनौठो र बालसुलभ तर्क सुनेर सिङ्गो कक्षाकोठामा एकैपटक हाँसोको फोहोरा छुट्यो । साथीहरू एकापसमा हेराहेर गर्दै पेट मिचीमिची हाँस्न थाले । कुनामा बसेका केही साथीहरूले त टेबल नै ठोक्न थाले । अगाडि बेन्चमा बसेको शुभम् आफैं पनि रातो-रातो भएर लजाउँदै मुस्कुराउन थाल्यो । वेदानन्द गुरु, सधैँ गम्भीर, कडा र अनुशासनका पक्का हुनुहुन्थ्यो, उहाँको अनुहारको कठोरता पनि सुस्तरी पग्लिन थाल्यो । उहाँले आफ्नो सेतो दाह्री सुम्सुम्याउनुभयो र हातमा भएको पोइन्टरले टेबलमा हल्का ठटाउँदै कक्षालाई शान्त गराउनुभयो । "शान्त हुनुहोस्, सबैजना शान्त हुनुहोस् !" गुरुले भन्नुभयो । त्यसपछि गुरुले समीक्षालाई हेर्दै अत्यन्तै स्नेही र सम्झाउने स्वरमा भन्नुभयो, "समीक्षा, तिम्रो तर्क, असन्तोष र यो बालहठ साँच्चै नै रमाइलो र सिर्जनात्मक छ । तिमीलाई विद्यालयका हरेक गतिविधिमा शुभमको नाम देखेर अलिकति गुनासो हुनुलाई मानव स्वभाव मान्न सकिएला । तर, व्याकरण, कोश र संस्कृत साहित्यको दृष्टिकोणबाट हेर्ने हो भने, यहाँ स्लाइडमा लेखिएको 'शुभम्' तिम्रो सहपाठी शुभमको नाम होइन ।" गुरुले प्रोजेक्टरको स्क्रीनतिर औँल्याउँदै अझ प्रस्ट पार्नुभयो, "शुभम्" शब्द संस्कृतको 'शुभ' धातुबाट बनेको विशेष पद हो । यसको अर्थ हुन्छ- कल्याण, मङ्गल वा राम्रो होस् । प्राचीन कालमा जब विद्वान्, ऋषिमुनि वा प्रशासकहरूले कुनै ग्रन्थ, शासकीय पत्र वा कानुनी सम्झौता लेखेर टुङ्ग्याउँथे, तब उनीहरूले अन्त्यमा 'इति शुभम्' अर्थात् 'यसरी सबैको भलो होस्' वा 'यो कार्य शुभ रहोस्' भनी मङ्गल कामना गर्थे । यो कुनै व्यक्तिको नाम वा पहिचान नभई सम्पूर्ण समाज, देश र पाठकका लागि गरिएको एउटा असीम र पवित्र प्रार्थना हो ।" गुरुको यो विस्तृत र गम्भीर व्याख्या सुनेपछि कक्षाका अन्य विद्यार्थीहरूले बुझेको सङ्केत गर्दै टाउको हल्लाए । तर समीक्षा सजिलै मान्ने र पछि हट्ने पक्षमा थिइनन् । उनले आफ्ना आँखा थोरै नचाउँदै र मुस्कुराउँदै थपिन्, "गुरु, 'शुभम्' को अर्थ मङ्गल वा कल्याण हो भन्ने कुरा त मलाई पनि थाहा छ । सधैँ कागजातको अन्त्यमा शुभमकै मात्र कल्याण किन हुने ? आखिर मेरो पनि त कल्याण हुनुपर्यो नि गुरु ! मेरो नाम लेख्दा मेरो मङ्गल हुँदैन र ?" समीक्षाको यो दोहोरो अर्थ लाग्ने, बौद्धिक र चञ्चल जवाफले कक्षामा फेरि दोस्रोपटक हाँसोको ठूलो लहर फैलियो । यसपटक त स्वयम् वेदानन्द गुरु पनि आफ्नो शास्त्रीय गम्भीरता कायम राख्न सक्नुभएन र उहाँको मुखबाट जोडको हाँसो निस्कियो । त्यस दिनको व्यावहारिक लेखनको त्यो उराठलाग्दो, नीरस र नियमहरूले भरिएको घण्टी समीक्षाको सानो असन्तोष, उनको चञ्चल तर्क र वेदानन्द गुरुको सफदयी एवम् लचिलो व्यवहारका कारण सधैँका लागि अविस्मरणीय बन्यो । डिजिटल स्लाइडका अक्षरहरू र व्याकरणका नियमहरू बिच पनि त्यस दिन कक्षा १२ 'ए' का विद्यार्थीहरूले एउटा नयाँ, रमाइलो, जीवन्त र आत्मीय पाठ सिकेका थिए । ***-साहित्यपोष्ट डटकम***

# पाल्पा कारागारका कैदीबन्दीद्वारा बाढीपीडितलाई सहयोग



**पाल्पा,** असोज २/ पाल्पा कारागारमा रहेका कैदीबन्दीहरूले भोटेकोशी बाढीपीडितका लागि रु ८३ हजार सहयोग उपलब्ध गराएका छन् । कारागारमा रहेका कैदीबन्दीले आृनो क्षमताअनुसार रकम सङ्कलन गरी बाढीपीडितको राहत तथा उद्धारका लागि सहयोग गरेका हुन् ।

हाल पाल्पा कारागारमा २२४ पुरुष र १३ महिला गरी २३७ कैदीबन्दी छन्। सङ्कलित रकम राष्ट्रिय वाणिज्य बैंकमार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा जम्मा गरिएको कारागारका प्रशासक भगवानभक्त अर्यालले जानकारी दिए। कैदीबन्दीले कारागारभित्र उद्यमशिलताका काम गर्दै आएको र त्यहीबाट आर्जन गरेको केही रकमबाट बाढीपीडितलाई सहयोग गरेका उनले बताए । 'हामी जहाँ भए पनि समाजकै सदस्य हौं' भन्ने भावनाका साथ कैदीबन्दीले रकम सङ्कलन गरेका अर्यालले बताए । "उनीहरूको सहयोगको आकार ठूलो नहुन सक्छ, तर विपद्का बेला पीडितप्रति देखाएको मानवीय समवेदना भने अर्थपूर्ण छ", उनले भने । कारागारभित्र कैदीबन्दीले मुढा बनाउने, सिलाइँबुनाइ, डोको नाम्लो बनाउने, बात्ती बनाउनेलगायत सीपमूलक काम गर्दै आएका छन् ।*-रासस*

## संविधान दिवस' को ११...

...राजनीतिक दलहरूकै असहमति, कार्यान्वयनमा ढिलासुस्ती, प्रतिनिधित्व र अधिकारसम्बन्धी विवाद, संघीयताको अस्थिरता र न्यायिक प्रशासनिक व्यवस्थापनमा कमजोरीका कारण संविधान कार्यान्वयनमा असफल भएको निष्कर्ष निकाल्न थालिएको छ । संविधान सफल नहुनुमा राजनीतिक दल र उनीहरुको ईच्छाशक्ति बाधक बन्दै गएको तानसेन बहुमुखी क्याम्पसमा अध्यापन गराउँदै आएका गम्भीर रायमाझी बताउँछन् । राजनीतिक दलहरुले संविधानको मर्म विपरीत कार्य गर्दै गएकाले जनतामा निरास छाएको उनको भनाई छ । रायमाझी भन्छन् "संविधानले जनताको आवश्यकता र अधिकारहरुलाई सुनिश्चित गर्नुपर्छ ।" संविधान कार्यान्वयन नहुँदाको परिणाम अहिले जेनजी आन्दोलन सम्म आई दलहरुबाट निर्माण सरकार ढलेको छ । नेपालमा भएको जेनजी आन्दोलनले युवा पुस्ताको राजनीतिक सचेतना, समान अवसरको माग, सामाजिक न्याय र उत्तरदायी शासनको आवश्यकता स्पष्ट रूपमा अभिव्यक्त गरेको छ । यस आन्दोलनले देखाएको असन्तुष्टि केवल तत्कालीन नीतिगत कमजोरीप्रति मात्र नभई संविधानमा रहेका व्यवहारगत असमानता, कार्यान्वयनको कमजोरी र भविष्य प्रतिको अनिश्चितताप्रति हो ।

**लुम्बिनीमा दुई दिन संविधान दिवस**

लुम्बिनी प्रदेश सरकारले संविधान दिवस २०८३ विभिन्न कार्यक्रम आयोजना गरी मनाइरहेको छ । प्रदेश सरकारले असोज २ र ३ गते सरसफाइ, राष्ट्रिय झण्डा सजावट तथा दीप प्रज्वलनलगायतका कार्यक्रम गरेको छ । असोज २ गते प्रदेशस्थित सबै सरकारी निकायले सरसफाइ कार्यक्रम सञ्चालन गरेका छन् । प्रदेश राजधानीपरिसरको सरसफाइको समन्वय आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालयले गर्नेछ।सोही दिन प्रदेशस्थित सरकारी निकायमा निर्धारित आकारका राष्ट्रिय झन्डा मर्यादापूर्वक राखी कार्यालय सजाउने र साँझ दीप प्रज्वलन गर्ने कार्यक्रम गरिएको प्रदेश सचिवालयले जनाएको छ । असोज ३ गते आज पनि सरकारी निकायमा राष्ट्रिय झण्डा राख्ने, कार्यालय सजाउने र साँझ दीप प्रज्वलन गरिनेछ ।

## अर्घाखाँचीमा विद्यालयमा...

...कार्यक्रममा जिल्ला समन्वय अधिकारी केशव ज्ञवाली, सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रमोद खनाल, जिल्ला खोप समन्वय समिति सदस्य नारायण पौडेल, उमा बन्जाडे लगायतको उपस्थिति थियो । कार्यक्रम जनस्वास्थ्य निरीक्षक प्रकाश परियारको सञ्चालनमा सम्पन्न भएको हो । विद्यालयमै केन्द्रित भएर नियमित एचपिभी खोप सेवा प्रभावकारी रूपमा सञ्चालन गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको आयोजकले जनाएको छ । यसैबीच, आज सन्धिखर्क ग्रिन इङ्गलिस बोर्डिङ स्कुलमा कक्षा ६ मा अध्ययनरत ४५ जना छात्रालाई एचपिभी खोप लगाइएको आयोजकले जनाएको छ । विद्यालयबाटै खोप सेवा उपलब्ध गराउँदा लक्षित विद्यार्थीलाई सहज रूपमा स्वास्थ्य सेवाको पहुँचमा ल्याउन सहयोग पुग्ने आयोजकको भनाइ छ । *-रासस*

### खेलकुद समाचार

## चरिथ असलंकाले विराटनगर किंग्सबाट एनपीएल खेल्ने




**काठमाडौं,** असोज २/नेपाल प्रिमियर लिग (एनपीएल)को तेस्रो संस्करणका लागि श्रीलंकाका चर्चित ब्याटिङ अलराउन्डर चरिथ असलंका विराटनगर किंग्सबाट खेल्ने भएको छ । प्रभावशाली मानिने खेलाडी असलंका सन् २०२१ देखि त्यहाँको राष्ट्रिय टोलीमा छन् । असलंकाले सन् २०२१ मा इंग्ल्यान्डविरुद्ध एकदिवसीय तथा भारतविरुद्ध टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा डेब्यु गरेका थिए । सन् २०२२ मा अस्ट्रेलियाविरुद्ध आफ्नो पहिलो एकदिवसीय शतक प्रहार गरेपछि असलंका श्रीलंकाको मध्यक्रमका भरपर्दा तथा आक्रामक ब्याटरका रूपमा स्थापित भए । बलिङतर्फ पनि योगदान दिन सक्ने उपयोगी अलराउन्डरका रूपमा उनी परिचित छन् । टी-२० अन्तर्राष्ट्रियमा असलंकाले अहिलेसम्म ७७ खेलमा १,४६६ रन बनाएका छन् भने ७ विकेट पनि लिएका छन् । समग्र टी-२० क्रिकेटमा उनले १८५ खेलबाट ३,७१५ रन र ३७ विकेट आफ्नो नाममा गरेका छन् । विराटनगर किंग्सले असलंकाको आगमनले एनपीएलको तेस्रो संस्करणका लागि टोली थप बलियो हुने विश्वास व्यक्त गरेको छ । असलंकाले क्यारेबियन प्रिमियर लिग (सीपीएल), लंका प्रिमियर लिग (एलपीएल), पाकिस्तान सुपर लिग (पीएसएल) तथा यूएईको इन्टरनेसनल लिग टी-२० लगायतका प्रमुख फ्रेन्चाइज प्रतियोगितामा समेत खेलिसकेका छन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## कारोबारसँगै बढ्यो सेयर बजार



**पाल्पा,** असोज २/साताको अन्तिम सेयर कारोबार दिन शुक्रबार सेयर बजारमा दोहोरो अंकको वृद्धि भएको छ । यसदिन नेप्से परिसूचक २२ दशमलव ८५ अंकले बढेर २ हजार ६ सय ४७ दशमलव २२ विन्दुमा उक्लिएको हो ।

नेप्से बढेसँगै कारोबार रकम पनि बिहीबारको तुलनामा वृद्धि भएको छ । सो दिन ५ अर्ब ४९ करोड बराबरको कारोबार भएको थियो । यसदिन ३ सय ४५ वटा स्क्रिप्सको २ करोड १२ लाख ७२ हजार ७ सय ६१ कित्ता सेयर ६ अर्ब ७४ करोड ५६ लाख ३१ हजार ६सय ७ रुपैयाँमा खरिदबिक्री भए । शुक्रबार बैंकिङ समूहमा आकर्षण देखिएको छ । यो समूह सूचक सबैभन्दा धैरै १ दशमलव ५९ प्रतिशत बढ्यो । त्यस्तै जीवन बीमा १ दशमलव ५२ प्रतिशत बढ्यो । विकास बैंक ० दशमलव ४०, होटल तथा पर्यटन ० दशमलव ३३, जलविद्युत् ० दशमलव ८५, लगानी ० दशमलव १०, उत्पादन तथा प्रशोधन ० दशमलव ५५, माइक्रोफाइनान्स ० दशमलव ७५, निर्जीवन बीमा ० दशमलव ४८ र व्यापार ० दशमलव ८५ प्रतिशत बढे । अन्य ० दशमलव ११ र फाइनान्स ० दशमलव ०२ प्रतिशत घटे । यो एक सय ९६ कम्पनीको मूल्य बढ्दा ७४ को घटेको छ । ९ कम्पनीको स्थिर रह्यो । स्नो रिभर्सको मूल्य १३ दशमलव ६६, इनिफिनिटी लघुवित्तको ९ दशमलव ८१, मैलुङखोला जलविद्युतको ८ दशमलव ८४, याम्बलिङ हाइड्रोपावरको ६ दशमलव २०, बोटलर्स नेपाल तराईको ५ दशमलव ०६ प्रतिशत मूल्य बढ्यो । हाथवे इन्भेस्टमेन्टको १५, धौलागिरी लघुवित्तको ५ दशमलव १३, मातृभूमि लघुवित्तको २ दशमलव ६४ प्रतिशत मूल्य घट्यो । यस दिन धेरै कारोबार भएका कम्पनीमा कुमारी बैंक, लक्ष्मी सनराइज बैंक, ग्लोबल आईएमई बैंक, लिबर्टी इनर्जी, सिद्धार्थ बैंक, सानिमा मिडिल तमोर, शिवम् सिमेन्ट क्रमश: अगाडि रहे ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई